युनाइटेड मोदी हाइड्रोपावर लि.
दर्ता नं. ४९१८५
पहिलो तल्ला, हेरिटेज प्लाजा २,
कमलादी, काठमाडौं, नेपाल

**बाह्रौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका प्रस्ताव तथा निर्णयहरु**

पृष्ठभूमि :

यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा मिति २०८३ बैशाख २७ गते (तद्नुसार १० मे, २०२६) बिहान ११:०० बजे कालिमाटी ब्यैङकेट, कालिमाटी, काठमाण्डौं स्थित सभा हलमा कम्पनीका अध्यक्ष श्री नविन सिलवालको अध्यक्षतामा सम्पन्न भयो । हालको विद्यमान परिस्थिति तथा सूचना प्रविधि मार्फत सूचना प्रवाह गर्दा नै प्रभावकारी हुने भएकोले सार्वजनिक राष्ट्रिय दैनिक पत्रिका तथा विद्युतिय माध्यम मार्फत सूचनाको व्यवस्था समेत मिलाइ सोही अनुरुप यस बाह्रौं वार्षिक साधारण सभा सम्बन्धि सूचना प्रकाशित गरिए बमोजिम कम्पनीका शेयरधनी महानुभावहरुको उल्लेख्य उपस्थितिमा सभा सम्पन्न भयो । सो साधारण सभामा कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनी महानुभावहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सबै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षको अनुमति लिई कम्पनी सचिव श्री नारायण प्रसाद आचार्यले बाह्रौं वार्षिक साधारण सभाको कार्यक्रम सञ्चालन भयो ।

**१. सभा सम्बन्धी सूचना र प्रकाशन:**

यस बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रथम पटक मिति २०८२/१२/२४ गते तथा दोश्रो पटक मिति २०८३/०१/१८ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित गरिएको थियो । उक्त सूचनाहरु, संक्षिप्त विवरणहरु तथा वार्षिक प्रतिवेदनको प्रतिलिपि सम्भव भएसम्म शेयरधनीहरुलाई उपलब्ध गराइएको थियो । बाह्रौं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लि., नेपाल धितोपत्र बोर्ड, श्री विद्युत नियमन आयोग, श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.लगायतका सम्बन्धीत नियमनकारी निकायहरुलाई समेत बाह्रौं वार्षिक साधारण सभाको जानकारीको लागी पत्राचार गरिएको थियो ।

२. **उपस्थिति:**

क. **सञ्चालक समिति:**

| | | |
|---|---|---|
| १. | श्री नविन सिलवाल | अध्यक्ष |
| २. | श्री रोमन दंगाल | प्रबन्ध सञ्चालक |
| ३. | श्री रेनुका पाण्डे | सञ्चालक |
| ४. | श्री सुनिल भक्त श्रेष्ठ | सञ्चालक |
| ५. | श्री अविनाश पंडित | सञ्चालक |
| ६. | श्री सपना गुरुङ्ग | सञ्चालक |
| ७. | श्री अमित प्रसाद पाण्डे | स्वतन्त्र सञ्चालक |

ख. **शेयरधनीहरु**

यस कम्पनीको शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये ५६९ जना (शेयरधनी तथा प्रोक्सीहरु समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

**ग) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | कूल संख्या | उपस्थिति संख्या | उपस्थिति प्रतिशत |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | १२३,०५,००० | ७२,०१,२८० | ५८।५२ |
| कम्पनीका शेयरधनी | ५८,७०५ | ५६९ | ०।९७ |

**घ) सभाको वैधानिकता:**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको स्वीकृत प्रबन्धपत्र तथा नियमावलीमा भएका व्यवस्था बमोजिम साधारण सभा सञ्चालन गर्नको लागि आवश्यक प्रकृया तथा निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । बाह्रौं वार्षिक साधारण सभामा उपस्थित हुनुभएका शेयरधनीहरुले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा साधारण सभाको काम कारवाही अगाडि बढाउने अनुमति दिनु भयो ।

कम्पनी सचिव नारायण प्रसाद आचार्यले कम्पनीका अध्यक्ष श्री नविन सिलवाललाई साधारण सभामा उपस्थित शेयरधनीहरु समक्ष कम्पनीको बारेमा संक्षिप्त जानकारी गराउन अनुरोध गर्नु भएकोमा अध्यक्षबाट साधारण सभामा उपस्थित सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सबै महानुभावहरुलाई कम्पनीको वर्तमान अवस्था तथा भावी कार्य योजनाका बारेमा संक्षिप्त जानकारी गराउनु भयो । तत्पश्चात उक्त प्रस्तुतिकरणका लागि धन्यवाद सहित कम्पनी सचिव नारायण प्रसाद आचार्यले साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूची शेयरधनीहरु समक्ष प्रस्तुत गर्नुभयो । छलफल तथा निर्णयार्थ सभामा प्रस्तुत भएका सामान्य प्रस्ताव र विशेष प्रस्तावमा उल्लेखित प्रस्तावहरुलाई साधारण सभाले सर्वसम्मतिबाट स्वीकृत गरी सोही प्रस्तावहरु अनुरुप देहाय बमोजिमका निर्णयहरु गरियो ।

**३. बाह्रौं वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका प्रस्तावहरु (छलफलका विषय) प्रस्तुत गरिएका थिए ।**

**छलफलका विषयहरु :-**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत बित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रस्तावित बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागि कम्पनीको चुक्ता पूजी रु.१,२३,०५,००,०००।- को ०.३६८४२ प्रतिशतले हुन आउने रकम रु.४५,३३,४२१।-( अक्षरेपी पैंतालिस लाख तेत्तिस हजार चार सय एक्काइस् रुपैयाँ मात्र) नगद लाभांश पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. कम्पन्नीको संचालक समितिमा २(दुई) संचालक पदको निर्वाचन सम्बन्धमा ।

६ अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नुपरेमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ख) बिशेष प्रस्ताव**

१. संचालक समितिबाट प्रस्ताव भए वमोजिम आ.व. ०८१।०८२ को अन्त्य सम्मको वितरण योग्य संचित मुनाफाबाट कम्पनीको हालको कायम चुक्ता पूजी रु.१,२३,०५,००,०००।- को ७ प्रतिशतले हुने रकम रु.८,६१,३५,०००।- (अक्षरेपी आठ करोड एकसट्ठी लाख पैंतिस हजार मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. कम्पनीले अन्य कम्पनीहरुमा लगानी गर्न सहज बनाउन होल्डिङ्ग कम्पनीको रुपमा विकास गर्नको लागी कम्पनीको नाम परिवर्तन गर्ने तथा सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने ।

३. कम्पनीको जारी पुंजी बृद्धि गर्ने सम्बन्धमा ।

४. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय र श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**४) सभाको सञ्चालन तथा प्रतिवेदनको प्रस्तुतिः**

कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री नविन सिलवालले सञ्चालक समितिको तर्फबाट कम्पनीको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि अध्यक्षको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको प्रतिवेदन तथा वित्तिय विवरण लगायतका विषयहरुमा छलफलका लागि साधारण सभामा उपस्थित शेयरधनीहरुलाई अनुरोध गर्नुभयो । कम्पनीका अध्यक्षले पेश गर्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु साथै कम्पनीको कार्य सञ्चालनको अवस्था तथा भावी कार्य योजना उपर निम्न शेयरधनीहरुले आफ्नो लिखित तथा मौखिक राय, प्रतिक्रिया तथा सुझावहरु राख्नु भएको थियो ।

१. श्री जगनाथ आचार्य

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

२. श्री भेषराज भण्डारी
३. श्री सुदिप श्रेष्ठ
४. श्री ब्रह्मदेव शाक्य
५. श्री शत्रुघन श्रेष्ठ
६. श्री उद्धव प्रसाद घिमिरे
७. श्री इन्द्र प्रसाद लामीछाने
८. श्री बैजुनाथ रौनियार
९. श्री गोविन्द बहादुर के.सी
१०. श्री नरसिंह लाल चखूँ
११. श्री युगल बसेल
१२. श्री कृष्ण प्रसाद अधिकारी
१३. श्री निरुपमा गुप्ता
१४. श्री डमरु बल्लभ घिमिरे
१५. श्री पुर्शोत्तम कडेल
१६. श्री शेखर सिटौला
१७. श्री बिष्णु खरेल
१८. श्री इन्द्र कृष्ण श्रेष्ठ
१९. श्री रामजी प्रसाद पण्डित
२०. श्री लक्ष्मण बहादुर श्रेष्ठ
२१. श्री सुरेन्द्र चिमौरिया

**छलफलमा सहभागी शेयरधनीहरुको राय, सुझाव र प्रतिक्रियाहरु संक्षिप्त रुपमा यस प्रकार रहेको छ।**

१. शेयरधनी श्री जगनाथ आचार्यले लगानीकर्ताले आशा गर्ने भनेको प्रतिफल हो, तर कुनै बर्ष दिने कुनै बर्ष नदिने गरेता पनि यस बर्ष ७% बोनश शेयर वितरण गरेकोले र अन्य बिषयहरु अध्यक्ष को प्रतिवेदनबाट स्पष्ट भएको भनि सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो।

२. शेयरधनी श्री भेषराज भण्डारीले पूर्व वक्ताको भनाईमा सहमत गर्दै, लाभांस प्रस्ताव गरेको प्रति आभार व्यक्त गर्न चाहन्छु, आगामी वर्षमा भन्दा खुद नाफा बढेकोमा धन्यवाद। साधारण सभा नियमन निकायले तोकेको समय भित्र भए राम्रो हुने थियो। होल्डिङ्ग कम्पनीको रुपमा अगाडी बढाउन खोज्नु भएको रहेछ, त्यसमा मेरो पूर्ण सहमती छ। कम्पनीको पूर्जी वृद्धिमा लाग्न सदैब सक्षम हुनुहोस भनि शुभकामना व्यक्त गर्नु भयो।

३. शेयरधनी श्री सुदिप श्रेष्ठले लाभांस वितरण गर्नुभएकोमा आभार व्यक्त गर्दै आगामी बर्षमा पनि निरन्तरता पाओस भनि सवै प्रस्ताब उपर सहमती जनाउदै सफलताको कामना गर्नुभयो।

४. शेयरधनी श्री ब्रह्मदेव शाक्यले साधारण सभा समयमा नै हुनु पर्‍यो, चुस्त र दुरुस्त हुनु पर्‍यो, निर्वाचीत हुने संचालकहरुलाई शेयरधनिहरुको हितमा काम गर्नु होला भनि अग्रिम बधाई दिन चाहन्छु भन्दै शुभकामना व्यक्त गर्नुभयो।

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

५ शेयरधनी श्री शत्रुघन श्रेष्ठ म पुरानो शेयरधनी हो। लाभांस थोरै भयो, विद्युत उत्पादन किन कमी हुन गयो, के कति कारणले कमी भयो, सो सम्बन्धमा समिक्षा गर्नु होला। एघारौं बार्षिक साभारण सभामा पारित हकप्रद निकाल्ने काम किन ढिलो भयो। त्यो कार्य छिटो गर्नुपर्‍यो अरु राम्रो छ भन्दै शुभकामना व्यक्त गर्नुभयो।

६. शेयरधनी श्री उद्धव प्रसाद घिमिरेले वार्षिक प्रतिवेदन दिनु भएकोमा धन्यवाद छ। संचालक समिति, कर्मचारी र अन्य बाह्रौं वार्षिक साभारण सभामा सम्म ल्याउन सहयोग पुर्‍याउने सबै प्रति आभार व्यक्त गर्दछु। श्रव्य दृश्य देखाउनु भएकोमा बिशेष धन्यवाद, सामान्य र बिषेश प्रस्ताव स्वागत योग्य छ। मेरो पूर्ण सर्मथन छ। नयाँ निर्वाचित संचालकको कार्यकाल सफल रहोस भनि शुभकामना व्यक्त गर्नुभयो।

७. शेयरधनी श्री इन्द्र प्रसाद लामीछानेले कम्पनीको बार्षिक साभारण सभा सम्भव भएसम्म पहिलो त्रैमासीकमा नै गरियोस यदि कारण बस गर्न सकिएन भने दोस्रो सम्ममा सम्पन्न गर्न प्रस्ताव राख्नु भयो। ७% बोनश शेयर प्रस्ताव गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु र आगामी वर्षमा दोहोरो अंकको बोनश पाउनेमा आशाबादी छु। यस कम्पनीको उत्तर उत्तर प्रगतीको कामना गर्दछु भन्नुभयो।

८. शेयरधनी श्री बैजुनाथ रौनियार लाभांस ७% छ खुसि लाग्यो, हेर्दा अर्को बर्ष अझ बढी आउने देखिन्छ। साहायक कम्पनीबाट पनि मुनाफाको आशा गरिन्छ। बिमा गरेकाले बाढी आउँदा कम्पनी डुब्ने डर कम छ यो राम्रो पक्ष हो भन्दै संचालक समितिलाई धन्यवाद दिनुभयो।

९. शेयरधनी श्री गोविन्द बहादुर के.सी.ले लगानीकर्ताको तर्फबाट संचालक समिति र व्यबस्थापकलाई धन्यवाद दिन चाहन्छु। बार्षिक साभारण सभा समयमानै गर्नुपर्‍यो। कम्पनीको होल्डिङ्ग कम्पनी र हकप्रद लगायतका प्रस्ताव प्रति मेरो पूर्ण सहमत छ। युवा टिम हुनुहुदो रहेछ सफलताको अग्रिम शुभकामना भन्नुभयो।

१०. शेयरधनी श्री नरसिंह लाल चखूंले लगानीकर्ताको क्षेत्र, योजना, व्यबस्थापन समयानुकुल भएकोले भविष्यको लागि फलदायी र प्रतिफल मुखी हुने आशा गर्न सकिन्छ। लगानीकर्ताको हितको लागि काम भइरहेको हुदाँ व्यबस्थापक टिम लाई बिशेष धन्यवाद। नेपाल विद्युत प्राधिकरणबाट बाँकी हिसाबहरुको पनि भुक्तानी उठाउने तर्फ पनि लाग्नु पर्‍यो भन्दै कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो।

११. शेयरधनी श्री युगल बसेलले लाभांस ७% को लागी धन्यवाद। कम्पनीको ऋण घटाउनेमा प्रयत्न गरियोस्, लगानीकर्ताको हितमा काम गर्नुहुन्छ भन्ने आशा राख्दछु कार्यक्रमको सफलताको कामना गर्दछु।

१२. शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीले स्वस्तिकवाचनबाट आफनो मन्तव्य शुरु गर्नुभयो। उहाँले कम्पनीको बारेमा श्रव्य दृष्यबाट देखाउनु भएकोमा धन्यवाद दिदै आर्थिक प्रतिवेदन, वासलात लगाएतका प्रतिवेदनहरु नेपाली भाषामा तयार गर्न सुझाव दिनुभयो।

१३. शेयरधनी श्री निरुपमा गुप्ताले कम्पनीलाई ऋण मुक्त गर्नेतर्फ अघि बढनुहोस हरेक बर्ष यसरी नै श्रव्य दृष्यबाट देखाउनु होस। यसबाट लगानीकर्तामा विश्वासको आधार बढ्छ। होल्डिङ्ग कम्पनीको रुपमा विकाश गर्दा यही कम्पनीको नामबाट गर्दा राम्रो हुन्छ। खर्चमा मितव्ययीता सहित अघि बढ्न सुझाव दिदै धन्यवाद व्यक्त गर्नुभयो।

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

१४. शेयरधनी श्री डमरु बल्लभ घिमिरेले साधारण सभामा उठेका सकारात्मक सुझावलाई ग्रहण गर्दै अघि बढ्नुहोस् । अघिल्लो बर्षको सुझावहरुलाई कार्यन्वयन गरेकोमा खुसी लाग्यो । श्रव्य दृष्य देखाउने कार्यले निरन्तरता पाओस सबै प्रस्ताव प्रति अन्य साथीहरुको झैं मेरो पनि पूर्ण सहमती छ भनि शुभकामना व्यक्त गर्नुभयो ।

१५. शेयरधनी श्री पुर्शोत्तम कडेलले कम्पनीको पूजीं विस्तार गरी अन्य कम्पनीमा पनि लगानी गर्नुपर्‍यो । साधारण सभा समयमानै गर्नुपर्‍यो । जलविद्युतको दोस्रो धनि देश भएकोले नेपालमा जलविद्युतको ठुलो सम्भावना छ । त्यतातर्फ पनि संचालक समितिले ध्यान दिएर कम्पनीलाई अगाडी बढाउनु पर्‍यो, सबै प्रस्ताव प्रति सहमती जनाउदै धन्यवाद व्यक्त गर्नुभयो ।

१६. शेयरधनी श्री शेखर सिटौलाले अध्यक्षको प्रतिवेदनमा भावी कार्यक्रम स्पष्ट रुपमा आएको भए राम्रो हुने थियो । साधारण सभा समय भन्दा किन ढिला हुन गयो, समयमा नै गर्नुपर्‍यो । प्रस्तावहरु राम्रा छन कार्यन्वयन हुनु पर्‍यो भन्दै सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१७. शेयरधनी श्री बिष्णु खरेलले हकप्रद शेयर ढिला किन भयो सकयमानै हुनु पर्‍यो । साधारण सभा समयमा नहुदाँ लगानीकर्ताले बैंकमा ऋण लिन अप्ठयारो पर्दछ । त्यसैले बेलैमा हुनु पर्‍यो । यसवर्ष बोनश शेयर दिनु भएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

१८. शेयरधनी श्री इन्द्र कृष्ण क्षेष्ठले वार्षिक प्रतिवेदन किताबमा सुधार गर्नुपर्‍यो प्रतिवेदनहरु राम्रा छन । बोनश शेयर दिनु भएकोमा धन्यवाद व्यक्त गर्दै कार्यक्रमको सफलताको शुभकामना भन्दै धन्यवाद व्यक्त गर्नुभयो ।

१९. शेयरधनी श्री रामजी प्रसाद पण्डितले यो वर्ष बोनश दिएकोमा धन्यवाद अर्को वर्ष पनि दिनुहोला भन्ने आशा छ । तर नगद बोनश दिनुहुन अनुरोध गर्दछु । मेरो सबै प्रस्तावहरुमा पूर्ण सर्मथन छ । आर्थिक प्रतिवेदन नेपालीमा दिए राम्रो हुने थियो । सबै शेयरधनीले अंग्रेजी नबुझ्न सक्छन भनि धन्यवाद व्यक्त गर्दै कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

२०. शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठले साधारण सभा समयमानै गर्न अनुरोध गर्दछु । शेयरधनीलाई ७.३७% प्रतिफल दिनु भएकोमा धन्यवाद आगामी बर्षमा नगद र बोनश ५०।५०% को अनुपातमा दिनुहुन अनुरोध छ । कम्पनीलाई यहाँ सम्म ल्याउनुहुने कर्मचारी प्रति आभार व्यक्त गर्दै सबै प्रस्तावमा पूर्ण सहमती व्यक्त गर्दछु, कार्यक्रम सफलताको शुभकामना ।

२१. शेयरधनी श्री सुरेन्द्र चिमौरियाले बोनश दिएकोमा धन्यवाद दिदै आगामी दिनमा अझैं उत्तरोत्तर प्रगतीको कामना गर्दछु सबै प्रस्तावमा सहमती जनाउदै पूर्ण सफलताको कामना व्यक्त गर्नुभयो।

साधारण सभामा उपस्थित शेयरधनीहरुबाट उठाइएका प्रश्न, जिज्ञासा, राय तथा सुझावहरुका सम्बन्धमा अध्यक्षले क्रमैसँग प्रश्न तथा जिज्ञासाको उत्तर तथा आवश्यक जानकारी दिनुभयो । कम्पनीले सम्पूर्ण शेयरधनी महानुभावहरुको सल्लाह सुझावलाई आत्मसाथ् गरी अघि बढ्ने जानकारी गराउदै शेयरधनीहरुलाई अध्यक्षको अनुमति लिई कम्पनी सचिवले साधारण सभाको विषय सूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नुभयो ।

५) **निर्णयहरु :**

क) **सामान्य प्रस्तावहरु सम्बन्धमा**

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री नविन सिलवालले प्रस्तुत गर्नुभएको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा उपर सभामा व्यापक रुपमा छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/८२ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३ संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रस्तावित बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागि कम्पनीको चुक्ता पूजी रु.१,२३,०५,००,०००।- को ०.३६८४२ प्रतिशतले हुन आउने रकम रु.४५,३३,४२१।-( अक्षरेपी पैतालिस लाख तेत्तिस हजार चार सय एक्काइस् रुपैयाँ मात्र) नगद लाभांश स्वीकृत गरी पारित गर्ने सर्वसम्मतीबाट निर्णय गरियो ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/८३ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल गर्दा लेखापरीक्षण समितिको मिति २०८२ साल फाल्गुण १९ मा बसेको बैठकको सिफारिश बमोजिम बिभिन्न ३ वटा लेखा व्यवसायी संस्थाबाट प्राप्त निम्न बमोजिमका प्रस्तावहरु बैठकमा छलफल को लागि पेश गरियो ।

| लेखा व्यवसाही बिबरण | प्रस्तावित शुल्क (मु.अ.क सहित) |
|---|---|
| सिए. सुदिप दाहाल<br>एस.दाहाल एण्ड एसोसिएट्, चार्टड एकाउन्टेन्ट्स | ३४०,०००।- |
| सिए. हेम कुमार काफले<br>एच.डी.एस.डी.एसोसिएट्, चार्टड एकाउन्टेन्ट्स | ३५०,०००।- |
| सिए. सुदिप मान श्रेष्ठ<br>एस.एम.एस एण्ड एसोसिएट्, चार्टड एकाउन्टेन्ट्स | ३९५,५००।- |

उपरोक्त ३ प्रस्तावहरुको अध्ययन गर्दा प्रविधिक पक्ष तथा प्रस्तावित पारिश्रमिकका आधारमा एस.दाहाल एण्ड एसोसिएट्, चार्टड एकाउन्टेन्ट्सका सिए. सुदिप दाहाललाई कम्पनीको आ.व. २०८२/८३ को लेखापरीक्षण कार्यको लागि कुल पारिश्रमिक मु.अ.क. सहित रु.३४०,०००।- ( अक्षरेपी तिन लाख चालिस हजार रुपैंया) मात्र हुने गरी लेखापरिक्षक नियुक्त गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

५. कम्पनीको संचालक समितिमा २(दुई) संचालक पदको निर्वाचन सम्बन्धमा निर्वाचन प्रयोजनका लागी संचालक समितिको निर्णय बमोजिम नियुक्त हुनु भएका निर्वाचन अधिकृत अधिवक्ता राम कुमार आचार्यले निर्वाचन कार्यक्रमको बारेमा सभामा उपस्थित शेयरधनीहरुलाई जानकारी गराउनु भयो । कम्पनीका शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने संचालक पद २(दुई) का लागि उम्मेदवारी मनोनयन गर्ने उम्मेदवारहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो । निर्विरोध निर्वाचित उम्मेदवारहरुलाई सफल कार्यकालको शुभकामना दिदै प्रमाण पत्र प्रदान गर्नु भयो ।

UMH
Hydropower Ltd.
Kathmandu, Nepal

निर्विरोध निर्वाचित संचालकहरुः

| क.स | उम्मेदवारको नाम | पिता/पतिको नाम | प्राप्त सदामत सख्या | कैफियत |
|---|---|---|---|---|
| १. | रेनुका पाण्डे | कृष्ण राज पाण्डे | निर्विरोध निर्वाचित | |
| २. | प्राप्ती अधिकारी | दिवाकर अधिकारी | निर्विरोध निर्वाचित | |

६. अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा लगानी योग्य आयोजनामा लगानीका विकल्पहरु पहिचान गरी आवश्यक सम्पूर्ण काम कारवाही गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) विशेष प्रस्ताव सम्बन्धमा

१. संचालक समितिबाट प्रस्ताव भए बमोजिम आ.व. ०८१।०८२ को अन्त्य सम्मको वितरण योग्य संचित मुनाफाबाट कम्पनीको हालको कायम चुक्ता पूजी रु.१,२३,०५,००,०००।- को ७ प्रतिशतले हुने रकम रु.८,६१,३५,०००।- (अक्षरेपी आठ करोड एकसट्टी लाख पैंतिस हजार मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने सर्वसम्मतीबाट निर्णय गरियो ।

२. कम्पनीले अन्य कम्पनीहरुमा लगानी गर्न सहज बनाउन होल्डिङ्ग कम्पनीको रुपमा विकास गर्नको लागी कम्पनीको नाम परिवर्तन गर्ने तथा सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा साधारण सभामा उपस्थित शेयरधनीह ले उक्त प्रस्तावको सर्व सहमतीबाट पूर्ण सहमती जनाउदै मुख्य कम्पनीको हैसियत कायम हुने गरी आफनो मातहतको आयोजनामा वा सहायक कम्पनीको आयोजनामा वा नयाँ कम्पनी स्थापना गरी आयोजना निर्माणको लागि संस्थागत लगानी गर्ने गरी यसै कम्पनीको नाममा वा आवश्यकता बमोजिम होल्डीङ्ग कम्पनीको रुपमा विकाश गर्दा कम्पनीको नाम तथा प्रबन्धपत्र र नियमावलीमा संसोधन गर्नुपर्ने भएमा सो को अख्तियारी समेत संचालक समिति लाई दिने निर्णय सर्व सहमतीले गरियो ।

३. कम्पनीको जारी पुँजी बृद्धि गर्ने सम्बन्धमा छलफल हुदाँ कम्पनीको हाल कायम रहेको जारी पूजीं देहाय बमोजिम वृद्धि गरी स्वीकृत प्रबन्ध पत्रको दफा ६ (ख) मा संशोधन गर्ने प्रस्ताव तपसिल वमोजिम सर्व सम्मतिले पारित गरियो ।

तपसिल

प्रबन्धपत्रको दफा ६ (ख)

कम्पनीले तत्काल जारी गर्ने पूंजी रु. २,२५,००,००,०००।- ( अक्षेरेपी दुई अर्ब पच्चिस करोड रुपैंया) हुनेछ । सों पूँजीलाई प्रति शेयर रु. १०० दरका २,२५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

४. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्ररको कार्यालय र श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.

Union Hydropower Ltd. UMH Kathmandu, Nepal

लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सर्व सम्मतीले निर्णय गरियो ।

५. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सर्व सम्मतीले निर्णय गरियो ।

**ग) विविध**

६).यस साधारण सभाको माइन्युटमा हस्ताक्षर गर्नको लागि सञ्चालक समितिका अध्यक्ष श्री नविन सिलवाल, प्रबन्ध सञ्चालक श्री रोमन दंगाल तथा शेयरधनी श्री रविन्द्र खड्कालाई अधिकार दिने सर्वसम्मतिद्वारा निर्णय गरियो ।

**७) सभा विसर्जन :**

यस कम्पनीको बाह्रौं वार्षिक साधारण सभाको निर्धारित विषय सूची बमोजिम शेयरधनीहरुको उल्लेख्य उपस्थिति भै छलफल तथा निर्णयहरु भएको र छलफलका लागि अन्य विषय बाँकी नभएको हुँदा कम्पनी सचिवले बाह्रौं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गरी धन्यवाद ज्ञापन तथा सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भएकोमा सञ्चालक समितिका अध्यक्ष श्री नविन सिलवालले कम्पनी सचिव नारायण प्रसाद आचार्यलाई साधारण सभा समापन गर्न अनुमति दिनु भएकोले अध्यक्षको तर्फबाट कम्पनीका सचिवले बाह्रौं वार्षिक साधारण सभामा उपस्थित भई सभामा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका सामान्य र विशेष प्रस्तावहरुमा सक्रियाता पूर्वक छलफलमा सहभागी भई साधारण सभालाई सफल रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्याउने सबै शेयरधनीहरु, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्ने सम्बद्ध सबै प्रति आभार व्यक्त गर्दै शेयरधनीहरु लगायत यस कम्पनीका सम्पूर्ण कर्माचारीहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो । साथै शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै भविष्यमा पनि यस्तै रचनात्मक सहयोगको अपेक्षा राख्दै कम्पनीको यस बाह्रौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो । साधारण सभा दिनको १:४५ बजे विसर्जन गरिएको थियो ।

| | | | |
|---|---|---|---|
| **श्री नविन सिलवाल** | **श्री रोमन दंगाल** | **श्री रबिन्द्र खड्का** | **श्री नारायण प्रसाद आचार्य** |
| **अध्यक्ष** | **प्रबन्ध सञ्चालक** | **शेयरधनी** | **कम्पनी सचिव** |

United Mewa Hydropower Ltd. UMH Kathmandu, Nepal

ईति सम्वत २०८३ साल बैशाख महिना २७ गते रोज १ शुभम्.......................................।